# गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८

माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति मा २०७८/१०/१४ मा स्वीकृत ।

## आ.व. २०७८/०७९

प्रदेश सरकार

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

विषय सूची

खण्ड– एकः परिचय तथा उद्देश्य १

१.१ परिचयः ................................................ १

१.२ उद्देश्यः ................................................ १

१.३ शैक्षिक सुधारका लागि छनौट भएका कार्यक्रमहरु ................................................ १

१.४ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था ................................................ २

१.५ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः ................................................ २

खण्ड– दुईः वार्षिक विकास कार्यक्रम र कार्यान्वयन ४

१. प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन ................................................ ४

२. वैदिक तथा धार्मिक शिक्षा प्रदान गर्ने संस्थाहरुलाई प्रोत्साहन अनुदान ................................................ ७

३. आधारभुत (कक्षा१-८ सञ्चालित) विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना अनुदान ................................................ ९

४. विपन्न तथा न्यून सिकाइ उपलव्धी भएका (कक्षा ८-१०) विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम ................................................ ११

५. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरण ................................................ १५

६. माध्यमिक विद्यालयमा ICT ल्याब विस्तार ................................................ १७

७. माध्यमिक विद्यालयमा गणित शिक्षा प्रयोगशाला स्थापना र विकास ................................................ २०

८. माध्यमिक विद्यालयमा STEM LAB स्थापना ................................................ २३

९. प्राविधिक धार तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरुलाई प्रयोगशाला सुदृढीकरण अनुदान ................................................ २६

१०. सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने विपन्न तथा दलित विद्यार्थीसँग प्रदेश प्रमुख कार्यक्रम........................................................................................२८

११. सामुदायिक विद्यालयहरुका उत्कृष्ट अभ्यासहरुको प्रकाशन एवम् प्रसारण..........................३१

१२. विद्यालयमा अनलाईन अफलाईन सामग्री विकास एवम् प्रशारण व्यवस्थापन......................३३

१३. सामुदायिक क्याम्पसमा सूचना प्रविधि विस्तार............................................................ ३५

१४. पृथ्वीनारायण क्याम्पसमा जर्ज जोन डिजिटल गणित प्रयोगशाला स्थापना ......................... ३७

१५. उच्च शिक्षा पूर्वाधार विकास एवम् अनुदान प्रणालीका लागि मानक विकास..................... ३९

१६. रोजगारी एवम् स्वरोजगारी सृजना गर्न प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरुको प्रभावकारिता अध्ययन ........................................................................................................ ४१

१७. गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयनका लागि रणनीतिक योजना निर्माण एवम् प्रकाशन ....................................................................................................................४२

१८. गण्डकी प्रदेशको सांस्कृतिक वृत्तचित्र निर्माण एवम् प्रसारण ......................................... ४४

१९. विद्यालय एवम् क्याम्पस तहका सबै कार्यक्रम अभिमुखिकरण.......................................४५

२०. कार्यक्रम व्यवस्थापन, अनुगमन एवम् प्रतिवेदन..........................................................४६

अनुसूचीहरु

## खण्ड-एकः परिचय तथा उद्देश्य

### १.१ परिचयः

प्रदेश सरकारले आफ्ना नीति नियमको अङ्गिकार गर्दै सङ्घ र स्थानीय तहसँग समन्वय गरी आफ्ना कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।यस प्रदेशमा सञ्चालित शैक्षिक संस्थाहरुमा शैक्षिक पूर्वाधार विकास एवम् स्तरउन्नती, शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास तथा विद्यार्थी केन्द्रित शैक्षिक क्रियाकलाप सञ्चालन, सूचना प्रविधिको विस्तार कार्यमा योगदान पुऱ्याई सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै सार्वजनिक शिक्षालाई अभिभावक तथा विद्यार्थीको रोजाइको थलो बनाउन प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित रूपमा कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ र गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को अधिनमा रही गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८ स्वीकृत गरी कार्यान्वयन गरिएको छ ।

### १.२ उद्देश्यः

क) शैक्षिक सुधारका लागि स्वीकृत गरिएका कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्ने,

ख) कार्यक्रम कार्यान्वयन मार्फत शिक्षामा पहुँच र समयानुकूल शैक्षिक सुविधा विस्तार गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरीयता कायम गर्ने,

घ) कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने ।

### १.३ शैक्षिक सुधारका लागि छनौट भएका कार्यक्रमहरु

१. प्रारम्भिक वालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन

२. वैदिक तथा धार्मिक शिक्षा प्रदान गर्ने संस्थाहरुलाई प्रोत्साहन अनुदान

३. आधारभुत विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरण

४. विपन्न तथा न्युन सिकाइ उपलब्धी भएका (कक्षा ८-१०) विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम

५. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरण

६. माध्यमिक विद्यालयमा ICT ल्याव विस्तार

७. माध्यमिक विद्यालयमा गणित शिक्षा प्रयोगशाला स्थापना र विकास

८. माध्यमिक विद्यालयमा STEM Lab स्थापना र सञ्चालन

९. प्राविधिक धार तथा व्यावसायिक शिक्षा सञ्चालन गरेका सामुदायिक विद्यालयहरुलाइ प्रयोगशाला सुदृढीकरण अनुदान

१०. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विपन्न तथा दलित विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम मार्फत छात्रवृत्ति प्रदान
११. सामुदायिक विद्यालयका उत्कृष्ट अभ्यासहरुको प्रकाशन एवम् प्रसारण
१२. विद्यालयहरुमा अनलाईन अफलाईन सामग्री विकास एवम् प्रसारण व्यवस्थापन
१३. सामुदायिक क्याम्पसमा सुचना प्रविधि विस्तार
१४. पृथ्वीनारायण क्याम्पसमा जर्ज जोन डिजिटल गणित प्रयोगशाला स्थापना
१५. उच्च शिक्षा पुर्वाधार विकास एवम् अनुदान प्रणालीका लागि मानक विकास
१६. रोजगारी एवम् स्वरोजारी सृजना गर्नका प्रविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरुको प्रभावकारिता अध्ययन
१७. गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयन रणनीतिक योजना निर्माण एवम् प्रकाशन
१८. गण्डकी प्रदेशको साँस्कृतिक वृत्तचित्र निर्माण एवम् प्रसारण
१९. विद्यालय एवं क्याम्पस तहका सबै कार्यक्रम अभिमुखिकरण तयारी एवम् सञ्चालन
२०. कार्यक्रम व्यवस्थापन, अनुगमन एवम् प्रतिवेदन

## १.४ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा प्रदेश सरकार, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड,२०७५ एवम् गण्डकी प्रदेश सरकारद्वारा जारी कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ । प्रचलित कानुनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन लागु हुनेछ ।

## १.५ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरु:

१. हरेक कार्यक्रमको तयारी तथा कार्यान्वयन गर्नु पूर्व यस मापदण्ड राम्ररी अध्ययन गर्नुपर्नेछ ।
२. यस मापदण्डमा उल्लिखित कुरालाई पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने मुख्य जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको हुनेछ ।
३. कार्यक्रम शुरु गर्नु पूर्व कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको निर्णय गराई कार्यक्रम सञ्चालनका लागि कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराउनु पर्नेछ ।
४. यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा शिक्षा बिज्ञान तथा प्रविधि

मन्त्रालय तथा शिक्षा तथा मानव श्रोत विकास केन्द्र र सम्बन्धित केन्द्रहरुबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकालाई आधार मानी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयनका लागि २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरि प्रस्ताव माग गरिनेछ ।

६. कार्यक्रम सञ्चालन गर्दा तोकिएको चौमासिक भित्र सञ्चालन गर्नु पर्नेछ।

७. यस आ. व. को आर्थिक दायित्व आगामी आ. व. मा सर्ने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

८. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ ।

९. गण्डकी प्रदेश, अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०७८/७९ को पूर्ण पालना गर्नुपर्नेछ । सार्वजनिक खर्चमा मितब्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ समेत अनुशरण गर्नुपर्नेछ ।

१०. यस मापदण्ड बमोजिम गठन हुने समितिको बैठक, खाना खाजा व्यवस्थापन, यातायात खर्च, आवास व्यवस्थापन, दैनिक भ्रमण खर्च, मापदण्ड निर्माणका क्रममा खर्च हुने खाना, खाजा, बैठक लगायत आवश्यकता अनुसारका कार्यका लागि बजेट व्यवस्थापन गर्न बाधा पुग्ने छैन ।

११. यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएतापनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५, भ्रमण खर्च नियमावली २०६४ को परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१२. कार्यक्रमको मुख्य मुख्य उपलव्धि र वित्तीय प्रगति मासिक रूपमा एवम् भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा तयार गर्नु पर्नेछ ।

१३. यस मापदण्डमा निर्धारित कार्यक्रमहरु कार्यान्वयनका लागि मन्त्रालयले मातहतका निकायलाई जिम्मेवारी दिन सक्नेछ ।

१४. यस मापदण्डको विषयवस्तु वा कुनै विषयमा अस्पष्ट भएमा शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयसँग सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

१५. कार्यक्रम कार्यान्वयनका लागि संस्था छनौट गर्दा चालु आ.व. मा दोहोरो नपर्ने गरी छनौट एवम् कार्यान्वयन गर्नुपर्ने छ । तर विपद्का कारण पुगेको क्षति न्यूनीकरण, छात्रवृत्ति व्यवस्था र न्यून सिकाइ उपलव्धी भएका विद्यालयमा सञ्चालन गरिने अतिरिक्त कक्षाको सन्दर्भमा कार्यक्रम तथा बजेट ब्यवस्था भएको कार्यक्रमको हकमा दोहोरो परेको मानिने छैन ।

नोट : प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

# खण्ड- दुईः वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

## १. प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु हजारमा | चौमासिक अवधि |
|---|---|---|---|---|
| | केन्द्र/विद्यालय | ९८ | १९६०० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | प्रारम्भिक बालविकास कक्षाको मूल उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक क्रियाकलापको माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकास गरी उनीहरूलाई कक्षा -१ का लागि तयार गराउनु हो । बाल विकास कक्षाको पाठ्यक्रम निर्माण गर्दा शारीरिक, मानसिक, सामाजिक तथा सम्वेगात्मक पक्षहरुको विकास गर्ने उद्देश्य राखिएको छ। बालवालिकाको अन्तर्निहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर प्रवाहित गर्न उनीहरुलाई खेल्दै सिक्ने वातावरणको सृजना गर्नका लागि कक्षाकोठामा पर्याप्त शैक्षिक सामग्री व्यवस्थापन गर्न जरुरी छ । स्थानीय स्तरमा निर्मित सामग्रीहरु र वजारबाट खरीद गरिएका सिकाइ सामग्रीहरुको व्यवस्थापन र प्रयोगबाट रमाइलो वातावरणमा जीवनोपयोगी सीप सिकाउने र बालवालिकाको स्वास्थ्य तथा सुरक्षासँग सम्वन्धित वैयक्तिक तथा सामाजिक सीप विकास गर्ने उद्देश्यले **प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन कार्यक्रम** समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • वालविकास केन्द्रमा सिकाइ सामग्रीहरुको व्यवस्था र प्रयोगबाट रमाइलो वातावरणमा वालवालिकाको सर्वाङ्गिण विकास र कक्षा १ का लागि तयारी गराउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र छनौटमा परेका वालविकास केन्द्र/विद्यालयहरु |
| ४. बजेट वाँडफाँट | • बालविकास केन्द्रको प्रस्ताव मूल्याङ्कन एवम् छनौट व्यवस्थापन<br>• बालविकास केन्द्र शैक्षिक सामग्री व्यवस्थापन अनुदान |
| ५. सञ्चालन गरिने क्रियाकलाप | प्रारम्भिक बालविकास केन्द्रहरुको सिकाइ सामग्री व्यवस्थापन गर्न आवश्यक भएका विद्यालयहरु/समुदायमा आधारित वालविकास केन्द्रहरुसँग २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरी अनुसुची- १ को ढाँचामा प्रस्ताव माग गरिनेछ । |

| शीर्षक | विवरण |
|---|---|
| | **प्रस्ताव माग गर्दा देहाय बमोजिमका विद्यालय/ वालविकास केन्द्रहरुसँग प्रस्ताव माग गरिनेछः**<br>• नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नमुना विद्यालय विकास कार्यक्रममा समावेश नभएका,<br>• आ.व. २०७८/०७९ मा प्रदेश सरकार राजस्व र समानिकरण अन्तर्गतको कार्यक्रम तथा बजेटमा बालविकास केन्द्रको स्तरोन्नती कार्यका लागि बजेट व्यवस्था नभएका वालविकास केन्द्र/विद्यालयहरु,<br>• सम्बन्धित स्थानीय तहबाट नमूना बालबिकास केन्द्र स्थापनाका लागि छनौट भई कार्यक्रम तथा बजेट व्यवस्था नभएका  वालविकास केन्द्र /विद्यालयहरु,<br>• प्रदेश सरकारबाट यस  अगावै नमुना बालबिकास केन्द्रको रुपमा विकासका लागि  छनौट भइ अनुदान प्राप्त नगरेका वाल विकास केन्द्रहरु<br>• कुनै पनि संघ संस्थाद्धारा नमूना बालबिकास केन्द्र विकासका लागि कुनै सहयोग नपाएका वालविकास केन्द्र ।<br>विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुको अनुसुची-२ बमोजिम मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्ने ।<br>प्रस्तावहरुको मूल्याङ्कन एवम् छनौट कार्यका लागि मन्त्रालयमा तपसिल बमोजिमको एक समिति रहनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख - संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा-सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, शैक्षिक योजना, अनुसन्धान तथा तथ्याङ्क शाखा - सदस्य सचिव<br>प्रस्ताव छनौटः प्रस्ताव छनौट समितिले प्राप्त प्रस्तावहरुको आवश्यकता अनुसार अनुगमन एवम् प्रस्तावहरुको अध्ययन गरी प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको मितिले १५ दिन भित्र प्रस्ताव मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालयका सचिव समक्ष पेश गरी सक्नु पर्ने छ ।<br>बालविकास केन्द्रमा आवश्यक पर्ने सिकाइ सामग्रीको पहिचान, स्पेसिफिकेशन निर्माणका लागि मन्त्रालयले विज्ञ सहितको एक समिति गठन गर्नेछ ।<br>**अनुदान रकमको सिमाः** प्रति विद्यालय दुई लाख रुपैंयाका दरले अनुदान उपलव्ध गराउने ।<br>अनुदान उपलव्ध गराउन सकिने कार्यक्रमहरुः |

| शीर्षक | विवरण |
|---|---|
| | • प्रारम्भिक बालबिकास केन्द्रको बसाइ व्यवस्थापन सुधार (प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, मार्गदर्शक पुस्तिका, २०६७)<br>• कक्षाकोठामा विषयगत कुनाहरुको निर्माण,<br>• विद्यार्थी सङख्याको अनुपातमा आवश्यक शैक्षिक सामग्री थप गर्न ।<br>• अनुदान रकमको कम्तीमा ८० प्रतिशत रकम शैक्षिक सामग्री व्यवस्थापनका लागि लगानी गर्नुपर्नेछ ।<br>छनौटमा परेका विद्यालयका लागि अभिमुखिकरण कार्यक्रमः<br>प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान प्राप्तीका लागि स्वीकृत भएका बालविकास केन्द्रहरुका लागि एक दिनको अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न सकिने ।<br>५. प्रस्तावका साथमा विद्यालयहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः<br>○ तोकिएको ढाँचामा प्रस्तावपत्र<br>○ कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>○ सम्बन्धित स्थानीय तहको कार्यक्रममा दोहोरोपन नपरेको सम्बन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र<br>○ लागत अनुमान<br>○ स्थानीय तहबाट प्रमाणित विद्यार्थी विवरण |
| ६. अपेक्षित उपलव्धी | • वालविकास केन्द्रको व्यवस्थापन पक्षमा सुधार भई वालवालिकाको सर्वाङ्गिण विकासमा सहयोग पुग्ने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • रित पूर्वक गरिएका खर्चका वील भरपाइहरु<br>• विद्यालय व्यवस्थापन समिति/ केन्द्र/कक्षा व्यवस्थापन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय<br>• जिन्सी दाखिला रिपोर्ट<br>• भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>• सिकाइ सामग्री व्यवस्थापनको फोटाहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्वन्धित स्थानीय तह र सामाजिक विकास कार्यालयहरु |

## २. वैदिक तथा धार्मिक शिक्षा प्रदान गर्ने संस्थाहरुलाई प्रोत्साहन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक/संख्या | १ | १४५०० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | वैदिक तथा धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, गुम्बा, मदरसाहरुको शैक्षिक पूर्वाधार विकास गर्दै सुदृढ तथा संस्थागत गरी राष्ट्रिय मापदण्ड अनुरुप औपचारिक शिक्षाको समकक्षी बनाउन आवश्यकीय क्षेत्रमा शैक्षिक/बैद्धिक आध्यात्मिक साधनात्मक अनुसन्धान एवम् शैक्षिक व्यवस्थापनका लागि श्रोत उपलब्ध गराइ बालबालिका/ सिकारुहरुले समानरुपले सिक्न पाउने अवस्था सुनिश्चित गर्न धार्मिक प्रकृतिको वैकल्पिक शिक्षा प्रदान गर्ने संस्थाहरुलाई प्रोत्साहन अनुदान कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | वैदिक तथा धार्मिक शिक्षा प्रदान गर्ने संस्थाहरुको शैक्षिक व्यवस्थापन पक्षमा सुधार गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र वैदिक तथा धार्मिक शिक्षा प्रदान गर्ने संस्थाहरु |
| ४. बजेट बाँडफाँट | • कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, सूचना प्रविधिको व्यवस्थापन, भान्साकोठा एवम् आवासीय व्यवस्थापनका लागि आवश्यक सामग्रीहरु, सञ्चालन अनुदान, बैद्धिक आध्यात्मिक साधनात्मक प्रकृतिको अनुसन्धान<br>• अनुगमन एवम् मूल्यांकन,<br>• अनुदान उपलब्ध गराउँदा धार्मिक संघ संस्थाले सञ्चालन गरेको कक्षा तह र विद्यार्थी संख्याका आधारमा अनुदान निर्धारण गरिनेछ । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तोकिएको ढाँचामा २१ दिनको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गर्ने<br>• प्रस्ताव माग गर्ने, प्रस्तावको ढाँचा अनुसूची-३ मा उल्लेख भए बमोजिम हुने<br>• बैद्धिक/धार्मिक अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने,<br>**प्रस्तावका साथमा विद्यालयहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**<br>○ तोकिएको ढाँचामा प्रस्तावपत्र,<br>○ कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय,<br>○ सम्बन्धित स्थानीय तहको कार्यक्रममा दोहोरोपन नपरेको सम्बन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र,<br>○ कक्षा सञ्चालन अनुमति पत्र, |

| शीर्षक | विवरण |
|---|---|
| | ○ लागत अनुमान,<br>○ स्थानीय तहबाट प्रमाणित विद्यार्थी विवरण<br>• प्रस्तावको मूल्याङ्कन एवम् छनौट गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन एवम् छनौट सिफारिस समिति रहनेछ ।<br>क. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख – संयोजक<br>ख. योजना तथा प्रशासन महाशाखा- सदस्य<br>ग. संयोजकले तोकेको विषय विज्ञ – सदस्य<br>घ. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>ङ. शाखा अधिकृत, भाषा, संस्कृति र पुरातत्त्व संरक्षण शाखा - सदस्य सचिव<br>• प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची- ४ मा व्यवस्था भए बमोजिम हुनेछ ।<br>• छनौट भएका संस्थाहरुसँग सम्झौता गर्ने,<br>• कार्य सम्पन्न प्रतिवेदन र सक्कल बील भरपाई पेश भए पश्चात अनुदान उपलव्ध गराउने,<br>• अनुगमन गर्ने,<br>• प्रतिवेदन तयार गर्ने । |
| ६. अपेक्षित उपलव्धी | वैदिक तथा धार्मिक शिक्षा प्रदान गर्ने संस्थाहरुमा शैक्षिक व्यवस्थापन पक्षमा सुधार हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • रित पूर्वक गरिएका खर्चका वील भरपाइहरु<br>• विद्यालय व्यवस्थापन एवम् संस्था सञ्चालन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय<br>• सामग्री खरिद गरिएकोमा जिन्सी दाखिला रिपोर्ट<br>• भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>• कार्यक्रमसँग सम्वन्धित फोटाहरु<br>• बैद्धिक/धार्मिक अनुसन्धान प्रतिवेदन<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## ३.   आधारभुत (कक्षा१-८ सञ्चालित) विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | विद्यालय | ५० | १०००० | दोस्रो/तेश्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापना तथा स्थापना भएका प्रयोगशालाहरुमा नपुग सामग्रीहरुको थप व्यवस्थापन गरी व्यवस्थित प्रयोगशालाको रुपमा स्तरोन्नती गर्न आवश्यक छ । प्रयोगशालामा नवीनतम् प्रविधि र सामग्रि समेत व्यवस्थापन गरी विद्यार्थीहरुलाई नियमित प्रयोगात्मक अभ्यासको उचित अवसर सहितको शिक्षण सिकाइमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | प्रयोगशाला अद्यावधिक एवम् आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी विद्यार्थीका लागि प्रयोगात्मक अभ्यास सहितको सिकाइको अवसर बृद्धि गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, छनौटमा परेका विद्यालयहरु |
| ४. | बजेट बाँडफाँट | • विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि व्यवस्थापन<br>• विद्यालय अनुदान र आवश्यकता पहिचान |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्ने । प्रस्तावपत्रको ढाँचा अनुसुची- ५ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची-६ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. योजना तथा प्रशासन महाशाखा- सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा- सदस्य सचिव<br>कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट गर्दा देहाय बमोजिम विद्यालयहरु छनौट गर्नुपर्ने छ ।<br>१. आधिकारिक निकायवाट सम्वन्धित तहको अनुमति स्वीकृति प्राप्त गरी कक्षा |

| शीर्षक | विवरण |
|---|---|
| | १-८ सञ्चालित विद्यालय<br>२. चालु आ.व.मा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहबाट प्रयोगशाला सुदृढीकरण कार्यका लागि छनौट भई अनुदान प्राप्त नगरेका विद्यालयहरु<br>३. अनुदान सिफारिस गर्दा अनुसुची-६ बमोजिमको न्यूनतम आधार पुगेका विद्यालयहरु मध्ये भौगोलिक रुपमा विद्यालयहरु समेटिने गरी सिफारिस गर्नुपर्नेछ ।<br>**अनुदान रकमको सिमाः** प्रयोगशाला स्थापना/स्तरोन्नती कार्यका लागि प्रति विद्यालय २ लाख रुपैंया का दरले अनुदान उपलव्ध गराइने छ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि सम्झौता<br>• कार्यक्रम कार्यान्वयन अभिमुखिकरण सञ्चालन<br>• कार्यक्रम कार्यन्वयन<br>• प्रतिवेदन तयारी<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित उपलव्धि | • विद्यालयका प्रयोगशालाहरु सुदृढ हुनेछन । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | • रित पूर्वक गरिएका खर्चका वील भरपाइहरु<br>• विद्यालय व्यवस्थापन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय<br>• जिन्सी दाखिला रिपोर्ट<br>• भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>• प्रयोगशाला व्यवस्थापनका फोटाहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## ४. विपन्न तथा न्यून सिकाइ उपलव्धी भएका (कक्षा ८-१०) विद्यार्थीहरुसँग प्रदेश प्रमुख कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | विद्यालय | १०० | १०००० | दोस्रो/तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | सामुदायिक विद्यालयमा अध्ययनरत विभिन्न कारणले अपेक्षित शैक्षिक उपलव्धी हासिल हुन नसकेका विद्यार्थीहरुको शैक्षिक उपलव्धीस्तर अभिवृद्धिका लागि विद्यालय समयका अतिरिक्त समयमा पनि थप कक्षा सञ्चालन गरी सिकाइ हुन नसकेका विषयवस्तुहरुलाई शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गर्न अवश्यक छ। विद्यार्थीहरुमा विशेष गरी अंग्रेजी, गणित र विज्ञान जस्ता विषयमा न्यून सिकाइ उपलव्धी हुने भएकाले उक्त विषयहरुको सिकाइ उपलव्धी वृद्धिका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • अंग्रेजी, गणित र विज्ञान विषयमा विद्यार्थीमा बोझिलो विषयको रुपमा नहेरी रुचीको विषयको रुपमा विकास गर्नु ।<br>• अंग्रेजी, गणित र विज्ञान विषयमा शैक्षिक उपलव्धी दर बृद्धि गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | • अतिरिक्त कक्षा सञ्चालन गर्ने शिक्षकका लागि प्रति महिना प्रति शिक्षक प्रोत्साहन रकमः १८०००।– (प्रति महिना ६ हजारका दरले)<br>• विद्यालयका लागि मसलन्द व्यवस्थापनः ४०००।- एकमुष्ठ<br>• स्थानीय तहका लागि अनुगमन यातायात खर्च- ३०००।– (३ पटकका लागि)<br>• कार्यक्रम व्यवस्थापन / संयोजन खर्च प्र.अ. का लागि- ३०००।– (तीन महिनाका लागि) |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रत्येक स्थानीय तहहरुसँग स्थानीय तहमा भएका विद्यालयहरु मध्ये गणित विज्ञान र अङ्ग्रेजी विषयमा शैक्षिक उपलव्धीस्तर न्युन भएको र विपन्नताका आधारमा दुई वटा विद्यालय छनौट गरी सिफारिस गर्नका लागि सार्वजनिक सुचना एवम् पत्राचार गर्ने ।<br>• स्थानीय तहहरुले विद्यालयको न्युन सिकाई उपलब्धीका आधारमा नाम एकिन गरी मन्त्रालय समक्ष सिफारिस गरी पठाउने ।<br>विद्यालय छनौट प्रकृयाः<br><br>**विद्यार्थी सङ्ख्याः** कक्षा १-१० सम्म ४०० जना विद्यार्थी वा सो भन्दा बढी विद्यार्थी भएको माध्यमिक विद्यालय ( कुनै स्थानीय तहमा ४०० जना अध्ययन गर्ने विद्यालय |

| शीर्षक | विवरण |
|---|---|
| | नभएमा स्थानीय तहले छनौट गरेको न्यून सिकाइ उपलब्धि भएको माध्यमिक विद्यालय)<br><br>अधिकाशं विद्यार्थी विपन्न समुदाय, दलित र जनजाति अध्ययन गर्ने विद्यालय<br><br>**कार्यक्रम सञ्चालन अवधिः**<br>• अतिरिक्त कक्षा सञ्चालनको अवधि ३ महिनाको हुनेछ ।<br>• विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्ये सिकाइ उपलव्धी न्युन भएका आर्थिक रुपमा विपन्न, दलित, अपाङ्गता भएका विद्यार्थीहरु छनौट गरी अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गर्नुपर्ने छ ।<br>• विद्यार्थी छनौट गर्दा सोहि कक्षामा अध्यापन गर्ने विषयगत शिक्षकले न्युन सिकाइ उपलव्धी भएका लक्षीत समुहका न्यूनतम २० विद्यार्थी छनौट गर्नुपर्नेछ ।<br>• कक्षा सञ्चालन विद्यालयको उपयुक्त भौतिक संरचना र विद्यार्थीहरुलाई उपयुक्त समय पहिचान गरी विहान र बेलुकाको समय निर्धारण गरी कक्षा सञ्चालन गर्नु पर्नेछ ।<br>• कक्षा सञ्चालन गर्दा कक्षा ८-१० कक्षा सम्मका विद्यार्थीका लागि सञ्चालन गर्नु पर्नेछ ।<br>• एउटा विषयको एउटा कक्षाका विद्यार्थीका लागि एक दिनमा एक घण्टाको दरले कक्षा सञ्चालन गर्नु पर्ने छ ।<br>• भौतिक रुपमा उपस्थित भई कक्षा सञ्चालन गर्न नसक्ने अवस्था सृजना भएकोमा अनलाईन माध्यमको प्रयोग गरी कक्षा सञ्चालनको व्यवस्था मिलाउने ।<br>• कक्षा मुलतः सम्बन्धित विषयको आधारभुत ज्ञान, सीपका लागि अधिकतम अभ्यास गराउनु पर्नेछ ।<br>• एक जना शिक्षकले कम्तिमा १ घण्टाका दरले कक्षा प्रतिदिन सञ्चालन गर्नुपर्नेछ ।<br>**जिम्मेवारी बाँडफाँडः**<br><br>**विद्यालय व्यवस्थापन समितिः** आफ्नो विदयालयमा अध्ययनरत अंग्रेजी, गणित र विज्ञान विषयमा कमजोर नतिजा भएका बालबालिकाको लागि अतिरिक्त कक्षा सञ्चालन गरी शैक्षिक उपलव्धीस्तर उकास्ने कार्यको लागि विद्यालयमा उपयुक्त वातावरण तयार गर्नु |

| शीर्षक | विवरण |
|---|---|
| | विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ ।<br><br>**प्रधानाध्यापकः** कार्यक्रमको सञ्चालन एवम् व्यवस्थापन र मासिक रुपमा सो कार्यको प्रतिवेदन सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।<br><br>**शिक्षकः** विद्यार्थीको सिकाई क्रियाकलाप सञ्चालन गर्ने प्रयोजनका लागि विद्यालयले सोहि विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई अतिरिक्त कक्षा सञ्चालनको जिम्मेवारी प्रदान गर्नु पर्ने छ भने तोकिए बमोजिम अतिरिक्त कक्षा सञ्चालन गरी विद्यार्थीको शैक्षिक उपलव्धीस्तर उकास्नु शिक्षकको दायित्व हुनेछ ।<br><br>**स्थानीय तहः** कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट गर्ने, कार्यक्रम अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने र कार्यक्रम कार्यान्वयनको समग्र प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने ।(विद्यालय छनौट गर्दा कक्षा ८ मा कुनै दुई विषय, कक्षा ९ मा कुनै एक विषय र कक्षा १० मा कुनै २ वटा विषयको अतिरिक्त कक्षा सञ्चालनका लागि प्राथमिकताका आधारमा २ वटा विद्यालय सिफारिस गर्नुपर्नेछ)<br><br>**मन्त्रालयः**<br><br>• स्थानीय तहहरुबाट सिफारिस भइ आएका न्यून सिकाइ उपलव्धी रहेका विद्यालयहरु छनौट गर्ने<br>• विद्यालयहरुसँग सम्झौता गर्ने ।<br>• बजेट व्यवस्था गर्ने ।<br>• आवश्यकता अनुसार अनुगमन गर्ने ।<br>• कार्यक्रमको समग्र प्रतिवेदन तयार गर्ने ।<br>कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br><br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br><br>२. योजना तथा प्रशासन महाशाखा- सदस्य<br><br>३. मन्त्रालयले तोकेको विषय विज्ञ - सदस्य<br><br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br><br>५. शाखा अधिकृत, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव |

| शीर्षक | विवरण |
|---|---|
| | **निवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः**<br>• विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• सम्बन्धित स्थानीय तहको निर्णय सहितको सिफारिस<br>• कार्यक्रम सञ्चालनमा स्थानीय तह र प्रदेश सरकारको बजेट बिच दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र<br>• सम्वन्धित कक्षाको हालको विषयगत सिकाइ उपलब्धि विवरण |
| ६. अपेक्षित उपलव्धि | • अंग्रेजी, गणित र विज्ञान विषयमा न्युन सिकाइ उपलव्धी भएका विद्यार्थीहरुको सिकाइ उपलव्धी अभिवृद्धि हुनेछ । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानी मागका लागि पेश गर्नुपर्ने काजजातहरुः**<br>• विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको माग निवेदन<br>• अतिरिक्त कक्षामा सहभागी भएका विद्यार्थी र शिक्षकको प्रमाणित हाजिरी<br>• नियमानुसार प्रोत्साहन भत्ता बुझेको भरपाई<br>• कार्य सम्पन्न भएको सम्बन्धमा स्थानीय तहको सिफारिस<br>• कक्षा सञ्चालन पूर्व र पश्चातको सिकाइ उपलव्धीको तुलनात्मक चार्ट |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय सामाजिक विकास कार्यालयहरु, सम्बन्धित स्थानीय तहहरु |

## ५. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | विद्यालय | ६० | १८००० | दोस्रो/तेश्रो चौमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | परिचय | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालामा नपुग सामग्रीहरुको थप व्यवस्थापन गरी व्यवस्थित प्रयोगशालाको रुपमा स्तरोन्नती गर्न आवश्यक छ । प्रयोगशालामा नवीनतम् प्रविधि र सामग्री समेत व्यवस्थापन गरी विद्यार्थीहरुलाई नियमित प्रयोगात्मक अभ्यासको उचित अवसर सहितको शिक्षण सिकाइमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | प्रयोगशाला अद्यावधिक एवम् आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी विद्यार्थीका लागि प्रयोगात्मक अभ्यास सहितको सिकाइको अवसर बृद्धि गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, छनौटमा परेका विद्यालयहरु |
| ४. | बजेट बाँडफाँट | • विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि व्यवस्थापन<br>• विद्यालय अनुदान र आवश्यकता पहिचान |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्ने । प्रस्तावपत्रको ढाँचा अनुसुची- ७ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ । मूल्याङ्कनका आधारहरु अनुसुची- ८ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. योजना तथा प्रशासन महाशाखा - सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा- सदस्य सचिव<br>कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट गर्दा देहाय बमोजिम विद्यालयहरु छनौट गर्नुपर्ने छ ।<br>नेपाल सरकारवाट नमुना विद्यालय विकास कार्यक्रममा समावेश नभएको विद्यालय |

| शीर्षक | विवरण |
|---|---|
| | चालु आ.व.मा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहबाट प्रयोगशाला सुदृढीकरण कार्यका लागि छनौट भई अनुदान प्राप्त नगरेका विद्यालयहरु<br><br>अनुदान सिफारिस गर्दा अनुसुची-८ बमोजिमको न्युनतम आधार पुगेका विद्यालयहरु मध्ये भौगोलिक रुपमा विद्यालयहरु समेटिने गरी सिफारिस गर्नुपर्नेछ भने प्राप्त प्रस्तावहरु मध्ये प्रदेश स्थापना भए पश्चात अनुदान प्राप्त नगरेका विद्यालयहरुलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ ।<br><br>**अनुदान रकमको सिमाः** प्रयोगशाला स्थापना/स्तरोन्नती कार्यका लागि प्रति विद्यालय तीन लाख रुपैंया का दरले अनुदान उपलव्ध गराइने छ ।<br><br>• कार्यक्रम कार्यान्वयनका लागि सम्झौता<br>• कार्यक्रम कार्यान्वयन अभिमुखिकरण सञ्चालन<br>• कार्यक्रम कार्यन्वयन<br>• प्रतिवेदन तयारी<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित उपलव्धि | • विद्यालयका प्रयोगशालाहरु सुदृढ हुनेछन । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | • रित पूर्वक गरिएका खर्चका वील भरपाइहरु<br>• विद्यालय व्यवस्थापन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय<br>• जिन्सी दाखिला रिपोर्ट<br>• भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>• प्रयोगशाला व्यवस्थापनका फोटाहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## ६. माध्यमिक विद्यालयमा ICT ल्याब विस्तार

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १ | २५००० | दोस्रो/तेश्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | यस प्रदेशमा सञ्चालित माध्यमिक विद्यालयहरुमा सुचना सञ्चार प्रविधिले युक्त बनाई समयानुकुल विश्वज्ञान भण्डारमा विद्यार्थीको पहुँच बढाइ ज्ञानको दायरा फराकिलो पार्न एवम् महामारीजन्य विपद्का समयमा पनि सिकाइ निरन्तरताका लागि विद्यालयहरुमा कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, स्मार्ट टिभि, फोटोकपी मेशिन, सिसि क्यामरा लगायत र सुचना तथा सञ्चारका उपकरणहरुको व्यवस्था गरी उपलव्ध गराउने सामग्रीहरुमा एकरुपता र गुणस्तर कायम गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | विद्यालयहरुमा ICT सँग सम्बन्धित सामग्रीहरुमा एकरुपता कायम गरी व्यवस्थापन गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र विद्यालयहरु |
| ४. | बजेट बाँडफाँट | • विद्यालयमा वस्तुगत अनुदान र आवश्यकता पहिचान<br>• अनुगमन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्ने ।<br>• प्रस्तावपत्रको ढाँचा अनुसुची- ९ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ । मूल्याङ्कनका आधार अनुसुची- १० मा उल्लेख भए बमोजिम हुनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. योजना तथा प्रशासन महाशाखा - सदस्य<br>३. मन्त्रालयले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा- सदस्य सचिव<br>कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट गर्दा देहाय बमोजिम प्राथमिकता निर्धारण गरी विद्यालयहरु छनौट गर्नुपर्ने छ । |

| शीर्षक | विवरण |
| --- | --- |
| | १. दुर सञ्चार प्राधिकरणबाट ICT व्यवस्थापन नगरिएका विद्यालयहरु<br>२. प्रदेश सरकार, स्थानीय तह एवम् अन्य संघ संस्थाबाट ICT व्यवस्थापनका लागि अनुदान प्राप्त नगरेका विद्यालयहरु<br>३. विद्यमान ICT सुविधा अपर्याप्त भएका विद्यालयहरु<br><br>**सामग्री व्यवस्थापनः** ICT व्यवस्थापनका लागि छनौटमा परेका विद्यालयहरुमा सो सम्बन्धी कार्य गर्नका लागि तपसिल बमोजिमको स्पेसिफिकेशन तयारी समिति गठन हुनेछ ।<br><br>१. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानका कार्यकारी निर्देशक - संयोजक<br>२. गण्डकी विज्ञान प्रविधि प्रतिष्ठानको कार्यकारी निर्देशक- सदस्य<br>३. गण्डकी विश्वविद्यालयको आइ टी कोअर्डिनेटर (IT Coordinator) -सदस्य<br>४. मन्त्रालयले तोकेको BE कम्प्युटर इञ्जिनियर - सदस्य<br>५. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- सदस्य सचिव<br>समितिले आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।<br>समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ :<br>क) सामग्रीको स्पेसिफिकेशन तयार गर्ने<br>ख) सामग्रीको गुणस्तर मूल्याङ्कन गर्ने (स्पेसिफिकेशन अनुसार भए नभएको)<br>ग) प्रस्ताव मूल्याङ्कन गर्ने<br>उक्त समितिले मन्त्रालयबाट छनौट भएका शैक्षिक संस्थाहरुको सूचीको आधारमा तोकेको समयमा स्पेसिफिकेशन तयार गरी बुझाउनुपर्नेछ ।<br><br>उक्त समितिको सिफारिस बमोजिमका सामग्रीहरुको व्यवस्थापन गर्नका लागि सार्वजनिक खरिद ऐन बमोजिम सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार मन्त्रालयले प्रक्रिया अगाडि बढाउनेछ ।<br><br>• कार्यक्रम कार्यान्वयनका लागि विद्यालयहरुलाई अभिमुखिकरण सञ्चालन,<br>• छनौट भएको सप्लायर्स संस्था मार्फत विद्यालयहरुमा सामग्री एवम् उपकरणहरु इन्टलेसन गर्ने,<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित उपलव्धी | • समयानुकुल सिकाइका अवसरहरु विस्तार हुने |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | • विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• कार्यक्रम सञ्चालनमा स्थानीय तह र प्रदेश सरकारको बजेट बिच दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र<br>• स्वीकृत लागत अनुमान |

| शीर्षक | विवरण |
|---|---|
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## ७. माध्यमिक विद्यालयमा गणित शिक्षा प्रयोगशाला स्थापना र विकास

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १७ | ८५०० | दोस्रो/तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गणित विषयको अध्ययनले विद्यार्थीमा समालोचनात्मक चिन्तन, विश्लेषणात्मक क्षमता एवम् तार्किक क्षमताको विकास गर्दछ । विद्यालय तहमा गणित विषयको आधारभुत ज्ञान र सिपको विकासको जग बसाल्न, गणितलाई कठिन र बोझिलो विषयको रुपमा रहेको अधिकांश विद्यार्थीको धारणालाई अभ्यास गरेर सिक्ने वातावरणको सृजना गरी रुचीकर विषयको रुपमा विकास गर्नु, दीगो सिकाइको अवसर विकास गर्नु र वर्तमानमा रहेको गणित विषयको शैक्षिक उपलव्धी दर वृद्धि गर्नु आवश्यक छ । गणित विषयमा कमजोर रहेका विद्यार्थीहरु अन्य विषयहरुमा उत्कृष्ट नतिजा हासिल गरेर पनि आफ्नो रुचीका प्राविधिक विषयहरु अध्ययन गर्ने अवसरबाट बञ्चित हुन नपरोस भन्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । विद्यालयमा उपलव्ध गणित विषयका शैक्षिक सामग्रीमा नपुग शैक्षिक सामग्रीहरु थप गरी प्रयोगशालाको नियमित प्रयोग गर्दै शिक्षण सिकाइ प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालनमा प्रयोगशाला स्थापनाले सहयोग पुऱ्याउँछ । |
| २. कार्यक्रमको उद्देश्य | गणित विषयको शैक्षिक उपलव्धिस्तर उकास्नका लागि विद्यालयहरुमा गणित प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा समाजिक विकास मन्त्रालय र छनौटमा परेका विद्यालयहरु |
| ४. बजेट वाँडफाँट | प्रस्ताव मुल्याङ्कन एवम् छनौट व्यवस्थापन<br>विद्यालयका लागि प्रयोगशाला स्थापना अनुदान<br>अनुगमन एवम् प्रतिवेदन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सुचना प्रकाशन गरी कक्षा १-१० सम्ममा कम्तीमा २०० जना विद्यार्थी अध्यनरत विद्यालयहरुसँग अनुसुची-११ को ढाँचामा प्रस्ताव आव्हान गरिनेछ ।<br>• विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुको अनुसूची-१२ बमोजिम मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्ने ।<br>प्रस्तावहरुको मूल्याङ्कन एवम् छनौट कार्यका लागि मन्त्रालयमा तपसिल बमोजिमको एक समिति रहनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. योजना तथा प्रशासन महाशाखा- सदस्य |

| शीर्षक | विवरण |
| --- | --- |
| | ३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव<br>प्रस्ताव छनौट समितिले प्राप्त प्रस्तावहरुको सम्बन्धमा आवश्यक परेमा विवरण सत्यापन समेत गरी विद्यालयले पेश प्रस्तावहरुको अध्ययन गरी प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको मितिले २० दिन भित्र प्रस्ताव मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालयका सचिव समक्ष पेश गर्नु पर्नेछ । प्रस्ताव छनौट गर्दा जिल्लागत विद्यालय समावेश हुने गरी विद्यालय छनौट गर्नुपर्नेछ भने विद्यालय छनौट गर्दा प्रस्ताव पेश गरेका विद्यालयहरु मध्ये उच्चतम विद्यार्थी अध्ययनरत विद्यालयलाई पहिलो प्राथमिकता दिई विद्यालय छनौट गर्नुपर्नेछ ।<br>**अनुदान रकमको सिमाः** विद्यालयका लागि प्रति विद्यालय पाँच लाख रुपैंयाका दरले अनुदान उपलव्ध गराउने ।<br>गणित विषयका ५ सदस्यीय विज्ञ समुह गठन गरी सो समूहको संलग्नतामा तयार गरि सिफारिस गरिएको गणित शिक्षा प्रयोगशालाको रुपरेखा वा स्पेसिफिकेशन अनुसार प्रयोशाला स्थापना र विकास गर्नुपर्नेछ ।<br>**अनुदान उपलव्ध गराउन सकिने कार्यक्रमहरुः**<br>➢ प्रयोगशालाका सामग्री व्यवस्थापनका लागि फर्निचर व्यवस्थापन<br>➢ प्रयोगशाला कक्षमा विद्युतीकरण<br>➢ सामग्री व्यवस्थापन (डिजिटल र भौतिक) ।<br>छनौटमा परेका विद्यालयका लागि अभिमुखिकरण कार्यक्रमः<br>गणित प्रयोगशाला स्थापनाका लागि छनौटमा परेका विद्यालयहरुका शिक्षकहरुका लागि एक दिनको अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>प्रस्तावका साथमा विद्यालयहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः<br>○ तोकिएको ढाँचामा प्रस्तावपत्र<br>○ कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>○ सम्बन्धित स्थानीय तहको कार्यक्रम दोहोरोपन नपरेको सम्बन्धमा खुलाएको सिफारिस पत्र<br>○ लागत अनुमान<br>○ स्थानीय तहबाट प्रमाणित विद्यार्थी विवरण<br>**अनुदान निकासाः** छनौट भएका विद्यालयहरुमा गणित विषयको प्रयोगशाला स्थापना सम्बन्धी कार्य सम्पन्न भए पश्चात सम्बन्धित स्थानीय तहबाट प्रदान गरेको कार्य सम्पन्न प्रतिवेदन र कार्यक्रमसँग सम्बन्धित सक्कल बील भरपाई एवम् आवश्यक कागजात संलग्न गरी भुक्तानी माग गर्नुपर्ने छ । नियमानुसारका बील भरपाई एवम् |

| शीर्षक | | विवरण |
|---|---|---|
| | | कागजात प्राप्त भए पश्चात मन्त्रालयले उक्त कार्यक्रमको भुक्तानी विद्यालयको खातामा एकमुष्ठ उपलव्ध गराउनेछ। |
| ६. | अपेक्षित उपलव्धी | गणित विषयको प्रयोगशाला स्थापना भई सञ्चालनमा आउने |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | सम्बन्धित कार्यकममा भएको खर्चको अनुमोदन सहितको भुक्तानी माग सम्बन्धी व्यवस्थापन समितिको निर्णय<br>खर्चका सक्कलै बील भरपाईहरु<br>कार्य सम्पन्न प्रतिवेदन |
| ८. | अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धित स्थानीय तहहरु |

## ८. माध्यमिक विद्यालयमा **STEM LAB** स्थापना

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १ | ३०००० | दोस्रो र तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गण्डकी प्रदेश शिक्षा नीति, २०७८ ले विज्ञान, प्रविधि, ईञ्जिनियरिङ र गणित शिक्षालाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा विकास तथा विस्तार गर्ने रणनीति निर्धारण गरेको छ । प्रारम्भिक तह देखि नै गणित, विज्ञान, प्रविधि र ईञ्जिनियरिङसँग सम्बन्धित विषयहरुमा बालबालिकाहरुको रुची, सहभागिता र क्षमता विकास गर्नका लागि विद्यालयहरुमा नविनतम प्रविधि एवम् सामग्रीहरुको व्यवस्था गरी पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु पुरा गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामुदायिक विद्यालयहरुमा STEM सँग सम्बन्धित विषयको ल्याब स्थापना तथा सञ्चालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकास | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सम्बन्धित विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | • विद्यालयहरुमा STEM ल्याब स्थापनाका लागि विद्यालय संख्या अनुसार वजेट<br>• सेवापरामर्श तथा बोलपत्र सम्वन्धी खर्च<br>• अनुगमन मुल्यांकन सम्वन्धी खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | STEM ल्याब स्थापना एवम् सञ्चालनका गर्नका लागि २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरी अनुसुची-१३ को ढाँचामा प्रस्ताव माग गरिनेछ ।<br>**प्रस्ताव माग गर्दा देहाय बमोजिमका विद्यालयहरुसँग प्रस्ताव माग गरिनेछः**<br>१. कक्षा १-१० सम्ममा कम्तीमा २०० जना विद्यार्थीहरु अध्ययनरत विद्यालय<br>२. ल्याब स्थापनाका लागि प्रयोगशाला कक्षको व्यवस्था गर्न सक्ने विद्यालयहरु<br>प्रस्तावका साथमा विद्यालयहरुले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः<br>○ तोकिएको ढाँचामा प्रस्तावपत्र<br>○ कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>○ ल्याव स्थापना र सञ्चालनका लागि उपयुक्त कोठा र न्यूनतम फर्निचर व्यवस्था गर्नसक्ने प्रतिवद्धता<br>○ स्थानीय तहबाट प्रमाणित विद्यार्थी विवरण<br>विद्यालहरुबाट प्राप्त प्रस्तावहरुको अनुसुची-१४ बमोजिम मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि मन्त्रालयमा एक समिति रहने । सत्यापन समितिको प्रतिवेदन र विद्यालयबाट प्राप्त प्रस्तावहरुको अध्ययन गरी प्रस्ताव |

मुल्याङ्कन तथा सिफारिस समितिले प्राप्त प्रस्तावहरु मध्येबाट जिल्लागत रुपमा विद्यालय छनौट गर्नुपर्नेछ । जिल्लागत रुपमा विद्यालय छनौट गर्दा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या भएको विद्यालयलाई छनौटका लागि सिफारिस गर्नु पर्नेछ ।

१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक
२. शिक्षा विकास निर्देशनालयको प्रमुख/प्रतिनिधि- सदस्य
३. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य
४. संयोजकले तोकेको कुनै एक विद्यालयको प्र.अ.- सदस्य
५. शाखा अधिकृत, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव

**STEM ल्याव** स्थापना र सञ्चालनका लागि स्पेशिफिकेशन, टेण्डर डकुमेण्ट तयारी लगायतका प्राविधिक पक्षका कार्य सम्पादनका लागि मन्त्रालयमा देहायको समिति गठन रहनेछ ।

**समिति गठनः**

१. गण्डकी विज्ञान प्रविधि प्रतिष्ठानको कार्यकारी निर्देशक - संयोजक
२. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानका कार्यकारी निर्देशक - सदस्य
३. गण्डकी विश्वविद्यालयका विज्ञान तथा प्रविधि संकाय डिन-सदस्य
४. माध्यमिक विद्यालयका विज्ञ प्र.अ./शिक्षक, २ जना -सदस्य
५. मन्त्रालयले तोकेको सिभिल इन्जिनियर - १ जना- सदस्य
६. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- सदस्य सचिव

**समितिको कार्य विवरण देहाय बमोजिम हुनेछ :**

क) स्पेसिफिकेशन तयारी
ख) स्पेसिफिकेशन बमोजिमको सामग्रीको गुणस्तर र प्राविधिक जाँच
ग) प्रस्ताव मूल्याङ्कन

छनौटमा परेका विद्यालयका लागि अभिमुखिकरण कार्यक्रमः
शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरले यस मन्त्रालयका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरे पश्चात मन्त्रालयले छनौट गरेका विज्ञहरुको सहजिकरणमा विद्यालयहरुका लागि कम्तिमा एक दिनको अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।

STEM ल्याब स्थापनाः

- STEM शिक्षा व्यवस्थापनका लागि छनौटमा परेका विद्यालयहरुमा सो सम्बन्धी कार्य गर्नका लागि STEM सँग सम्बन्धित विज्ञहरुको संलग्नतामा स्पेशिफिकेशन तयारी गर्ने
- समितिको सिफारिस बमोजिमका सामग्रीहरुको व्यवस्थापन ल्याव स्थापना र सञ्चालन लागि सार्वजनिक खरिद ऐन बमोजिम परामर्शदाता संस्था छनौटका

| | |
|---|---|
| | लागि योग्यता पुगेका संस्थाहरुका लागि सुचिकृत हुनका लागि सुचना प्रकाशन गर्ने,<br>• संस्थाहरु सुचिकृत गर्ने,<br>• सामग्री व्यवस्थापनका लागि टेन्डर आव्हान गर्ने,<br>• योग्यता पुरा भएको उपयुक्त परामर्शदाता संस्था छनौट गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि छनौटमा परेको संस्थासँग सम्झौता गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि विद्यालयहरुलाई अभिमुखिकरण सञ्चालन गर्ने,<br>• परामर्शदाता संस्था मार्फत विद्यालयहरुमा सामग्री एवम् उपकरणहरु ईन्सटलेसन गर्ने ।<br>अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित उपलव्धी | • विद्यालयमा रुचीकर एवम् दिगो सिकाइको लागि वातावरण तयार हुने ।<br>• शिक्षण पद्धतीको आधुनिकिकरण मार्फत विद्यार्थीमा नवपर्वतनको प्रर्बर्द्धन हुने । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | • जिन्सि दाखिला प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन | अनुगमनः कार्यक्रम अनुगमन शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा समाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धीत स्थानीय तहहरु |

## ९. प्राविधिक धार तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरुलाई प्रयोगशाला सुदृढीकरण अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १ | १०००० | दोस्रो/तेश्रो चौमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | परिचय | व्यावसायिक विषय, प्राविधिक धार सञ्चालन गरेका सामुदायिक विद्यालयहरुमा प्रयोगशाला विस्तार तथा सामग्री थप गरी व्यवस्थित रुपमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ । प्रयोगशालामा नविनतम प्रविधि र सामग्री समेत व्यवस्थापन गरी विद्यार्थीहरुलाई नियमित प्रयोगात्मक अभ्यासको उचित अवसर सहितको शिक्षण सिकाइमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | प्रयोगशाला अद्यावधिक एवम् आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी विद्यार्थीका लागि प्रयोगात्मक अभ्यास सहितको सिकाइको अवसर बृद्धि गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँट | • विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>• विद्यालय अनुदान र आवश्यकता पहिचान<br>• अनुगमन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान प्रस्तावपत्रको ढाँचा अनुसुची- १५ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ । मूल्याङ्कनका आधारहरु अनुसुची-१६ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा - सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा- सदस्य सचिव<br>कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट गर्दा देहाय बमोजिम विद्यालयहरु छनौट गर्नुपर्ने छ । |

| शीर्षक | विवरण |
|---|---|
| | १. नेपाल सरकारको नमुना विद्यालय विकास कार्यक्रमका लागि छनौट नभएका विद्यालयहरु<br>२. चालु आ.व.मा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहबाट प्रयोगशाला सुदृढीकरण कार्यका लागि छनौट भई अनुदान प्राप्त नगरेका विद्यालयहरु<br>३. अनुदान सिफारिस गर्दा अनुसुची-१६ बमोजिमको न्युनतम आधार पुगेका विद्यालयहरु मध्ये भौगोलिक रुपमा विद्यालयहरु समेटिने गरी सिफारिस गर्नुपर्नेछ भने प्राप्त प्रस्तावहरु मध्ये प्रदेश स्थापना भए पश्चात अनुदान प्राप्त नगरेका विद्यालयहरुलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ ।<br>**अनुदान रकमको सिमाः** प्रयोगशाला स्तरउन्नती कार्यका लागि प्रति विद्यालय ५ लाख रुपैंयका दरले अनुदान उपलव्ध गराइने छ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि सम्झौता<br>• कार्यक्रम कार्यान्वयन अभिमुखिकरण सञ्चालन<br>• कार्यक्रम कार्यन्वयन<br>• प्रतिवेदन तयारी<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित उपलव्धी | • विद्यालयका प्रयोगशालाहरु सुदृढ हुनेछन । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | • विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• कार्यक्रम सञ्चालनमा स्थानीय तह र प्रदेश सरकारको बजेट बिच दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र<br>• स्वीकृत लागत अनुमान |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## १०. सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने विपन्न तथा दलित विद्यार्थीसँग प्रदेश प्रमुख कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जना | १५० | ३६०० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | सामुदायिक विद्यालयमा ११-१२ मा सामुदायिक विद्यालयमा विज्ञान विषय अध्ययन गर्ने विपन्न र दलित समुदायका विद्यार्थीहरुले सामान्य खर्चको अभावमा विचैमा अध्ययन छोड्न नपरोस र विज्ञान विषयमा अध्ययन गर्नका लागि विद्यार्थीहरुमा आकर्षण बृद्धि होस भन्नका लागि कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने विपन्न र दलित विद्यार्थीहरुलाई छात्रवृत्ती उपलव्ध गराउने व्यवस्थाका लागि विपन्न र दलित विद्यार्थीसँग प्रदेश प्रमुख कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विद्यालय शिक्षामा समतामुलक पहुँचका लागि आर्थिक रुपमा विपन्न वर्ग र दलित समुदायका विद्यार्थीको अध्ययन निरन्तरता हुने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मन्त्रालय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | प्रस्ताव छनौट एवम् व्यवस्थापन<br>छात्रवृत्ति व्यवस्थापन<br>अनुगमन एवम् प्रतिवेदन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,<br>क) "दलित विद्यार्थी" भन्नाले कानून वमोजिम दलित भनि तोकिएको जातिका विद्यार्थीलाई सम्झनु पर्दछ ।<br>ख) "विपन्न विद्यार्थी" भन्नाले सम्बन्धित स्थानीय तहले विपन्न हो भनि सिफारिस गरेका विद्यार्थीलाई सम्झनु पर्दछ ।<br>प्रदेश प्रमुख भन्नाले गण्डकी प्रदेशका प्रदेश प्रमुखलाई जनाउँदछ ।<br>ग) "**प्रोत्साहन छात्रवृत्ति**" भन्नाले कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्नका लागि सामुदायिक विद्यालयमा भर्ना भइ अध्ययन शुरु गरेका विद्यार्थीहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्नु नपरोस भनी उपलव्ध गराइने थप सहायता रकम |

| शीर्षक | विवरण |
| --- | --- |
| | सम्झनु पर्दछ ।<br><br>• **सूचना प्रकाशनः** (१) छात्रवृत्ति प्रदान गर्नका सार्वजनिक सुचना गरिनेछ। (२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेवसाइट वा अन्य विद्युतीय माध्यम तथा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरिनेछ ।<br><br>• **विवरण पेश गर्नेः** (१) विद्यालयलेः कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनरत विद्यार्थीहरु मध्ये खर्चको अभावमा बीचैमा पढाई छोड्नुपर्ने बाध्यात्मक अवस्था भएका विपन्न परिवारका बालबालिका र दलित समूहका बालबालिकाहरुको छात्रवृत्ति फाराम भराई एकिकृत विवरण तयार गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित स्थानीय तहमा छात्रवृत्तिका लागि सिफारिस गरी पठाउनु पर्नेछ भने सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र विद्यालयबाट प्राप्त विवरणहरुलाई एकिकृत गरी मन्त्रालय समक्ष विपन्न विद्यार्थीको हकमा छात्रवृत्तिका लागि सिफारिस सहित संलग्न गरी मन्त्रालय समक्ष सक्कल निवेदनहरु पेश गर्नु पर्नेछ ।छात्रवृत्ति प्राप्तीका लागि विद्यार्थी सिफारिस गर्दा नेपाल सरकारबाट विपन्न लक्षीत छात्रवृत्ति वा सोही बराबरको रकम अन्य कुनै छात्रवृत्ति प्राप्त नगरेको विद्यार्थी छनौट गरी सिफारिस गर्नुपर्नेछ ।<br><br>(२) विद्यार्थीले पेश गर्ने निवेदनको ढाँचा अनुसूची - १७ मा उल्लेख भए बमोजिम हुनेछ ।<br><br>(३) विद्यार्थीहरुबाट प्राप्त सक्कल निवेदनहरु सहित अनुसुची-१८ बमोजिमको ढाँचामा विद्यालयहरुले विवरण तयार गरी तोकिएको समय भित्र सम्बन्धित स्थानीय तहमा सिफारिस गरि पठाउने ।<br><br>(४) विद्यालयहरुबाट प्राप्त विवरण र फारामहरुको अनुसुची-१९ को ढाँचामा एकिकृत विवरण तयार गरी तोकिएको समयभित्र मन्त्रालयमा सिफारिस सहित पठाउने ।<br><br>(५) सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरेको भए सम्बन्धित स्थानीय तहबाट सामुदायिक विद्यालय भएको सिफारिस संलग्न गर्नुपर्नेछ भने शहीदस्मृति आवासीय विद्यालयबाट SLC/SEE उत्तीर्ण गरेको भए पनि सामुदायिक विद्यालय सरह अङ्क प्रदान गरिनेछ ।<br><br>**छात्रवृत्ति रकम सम्बन्धमाः** छात्रवृत्ति बापतको एकमुष्ठ रकम रु. २४०००।– का दरले विद्यार्थीको खातामा उपलव्ध हुनेछ । कुनै विद्यार्थीले अन्य स्रोतबाट कुनै पनि छात्रवृत्ति प्राप्त गरि सकेको भएमा कुल २४०००।– मा नबढ्ने गरी छात्रवृत्ति रकम उपलव्ध गराउने । |

| शीर्षक | विवरण |
|---|---|
| | र सो को जानकारी स्थानीय तह र विद्यालय समेतलाई गराउनु पर्नेछ ।<br><u>मुल्याङ्कन समिति</u><br>छात्रवृत्ति प्राप्तिका लागि सम्बन्धित स्थानीय तहहरुबाट सिफारिस भई आएका निवेदनहरु मध्ये अनुसुची-२० बमोजिमको आधारमा मुल्याङ्कन गरी छात्रवृत्तिका लागि सिफारिस गर्न मन्त्रालयमा एक समिति रहनेछ ।<br>संयोजक- महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, मन्त्रालय<br>सदस्य- शिक्षा विकास निर्देशनालयको अधिकृत प्रतिनिधि<br>सदस्य – अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>सदस्य- अधिकृत प्रतिनिधि, प्रदेश प्रमुखको कार्यालय<br>सदस्य सचिव – शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा, मन्त्रालय<br>समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।<br>छात्रवृत्ति सिफारिस गर्दा सबै जिल्ला समेट्ने गरी सिफारिस गर्नुपर्नेछ । जिल्लागत रुपमा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीहरु छात्रवृत्ति प्राप्तीका लागि सिफारिस हुनेछन । |
| ६. अपेक्षित उपलव्धी | • विपन्न एवम् दलित विद्यार्थीहरुको अध्ययन निरन्तरताका लागि सहयोग पुग्ने । |
| ७. विद्यार्थीले पेश गर्नुपर्ने कागजातहरु | • नागरिकता प्रमाणपत्र/ जन्मदर्ता प्रमाणपत्र को प्रतिलिपी<br>• कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनरत भएको भनि विद्यालयको सिफारिस पत्र<br>• गरीब खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>• दलित विद्यार्थीको हकमा सम्बन्धित निकायबाट जारी भएको दलित खुल्ने कागजात<br>• SEE को ग्रेडसिट एवम् प्रमाणपत्र |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सम्बन्धित स्थानीय तहहरु |

## ११. सामुदायिक विद्यालयहरुका उत्कृष्ट अभ्यासहरुको प्रकाशन एवम् प्रसारण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १ | १५०० | तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | यस प्रदेशमा सञ्चालित सामुदायिक विद्यालयहरुले सञ्चालन गरेका असल अभ्यास एवम् नवपर्वतनकारी कार्यहरुको प्रचार प्रसार गरी शैक्षिक गुणस्तर सुधारको आवश्यकता रहेका विद्यालयहरुले अनुकरण गरी विद्यालयमा सकारात्मक परिवर्तनका लागि यो कार्यक्रम आवश्यक भएकोले समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विद्यालयले सञ्चालन गरेका असल अभ्यासहरुको प्रचार प्रसार गरी अनुभव आदान प्रदान गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • नमूनाको रुपमा शैक्षिक अवलोकन र अनुभव आदान प्रदान<br>• डकुमेन्ट्रि तयारी एवम् प्रकाशन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • विद्यालयहरुले गरेका असल एवम् अनुकरणीय अभ्यासहरुको प्रकाशन एवम् प्रसारण गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाइ र सामाजिक विकास कार्यालयसँगको सहकार्यमा सामुदायिक विद्यालयहरु नमूनाको रुपमा शैक्षिक अवलोकन र अनुभव आदान प्रदान गरी छनौट गरिनेछ ।<br>• विद्यालय छनौट गर्दा सकेसम्म प्रति जिल्ला कम्तीमा दुईवटा विद्यालय छनौट गरि शिक्षा विकास तथा समन्वय ईकाइबाट सिफारिस गर्ने<br>• जिल्लाबाट सिफारिस भई आएका विद्यालयहरु मध्येबाट एउटा जिल्लाको कम्तिमा एक विद्यालय पर्ने गरी छनौट गर्ने<br>जिल्लाबाट सिफारिस भएका विद्यालय छनौट कार्यका लागि तपसिल बमोजिमको समिति रहनेछ ।<br>उक्त समितिले विद्यालय छनौट गरी मन्त्रालयका सचिव समक्ष पेश गर्नेछः<br>विद्यालय छनौटका आधारहरु अनुसूची -२१ बमोजिम हुनेछ ।<br>संयोजक- महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, मन्त्रालय<br>सदस्य- निर्देशक, शिक्षा विकास निर्देशनालय<br>सदस्य – मन्त्रालयले तोकेको शिक्षा विकास तथा समन्वय इकाइ, प्रमुख<br>सदस्य- मन्त्रालयले तोकेको कुनै एक स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख<br>सदस्य- संयोजकले तोकेको माध्यमिक विद्यालयको प्रधानाध्यापक |

| शीर्षक | विवरण |
|---|---|
| | सदस्य सचिव – शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा, मन्त्रालय<br>• कार्यक्रम उत्पादन एवम् प्रकाशन प्रसारण कार्यशर्त तयारी<br>• सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम कार्यक्रम कार्यान्वयनका लागि संस्था छनौट एवम् सम्झौता कार्य सञ्चालन<br>• डकुमेन्ट्रि तयारी गरी प्रकाशन<br>• तयार भएको सामग्री सरोकारवालाहरुको सहभागितामा प्रवोधीकरण गर्ने । |
| ६. अपेक्षित उपलव्धी | • विद्यालयका नमुना अभ्यासहरुको प्रचार प्रसार भइ अन्य विद्यालयहरुले अनुसरण गरी सुधारका लागि अवसर प्राप्त गर्नेछन् । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | सार्वजनिक खरिद ऐन नियमावलीले तोकेका कागजातहरु |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## १२. विद्यालयमा अनलाईन अफलाईन सामग्री विकास एवम् प्रशारण व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १ | १४५०० | दोस्रो र तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | कोभिड-१९ लागयतको महामारीका समयमा पनि नियमित सिकाइको अवसर सृजना गरी विद्यार्थीहरुको सिकाइ क्षति न्यूनीकरणका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गरेका पाठ्यसामग्रीहरुको उच्चतम् प्रयोग गर्नका लागि विद्यालयहरुलाई सक्षम बनाउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | निरन्तर सिकाइको अवसर सृजना गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सम्बन्धित विद्यालयहरु |
| ४. बजेट वाँडफाँट | विद्यालयहरुमा अनलाईन तथा अफलाईन सामग्रीहरु व्यवस्थापन, ICT ल्याव सुदृढीकरण शिक्षकको क्षमता विकास, सेवा परामर्श, |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • अनलाईन अफलाईनसँग सम्बन्धित कार्यक्रम तथा सामग्री र एपहरुको प्रयोग सम्बन्धमा देहाय बमोजिमका विज्ञहरुको संलग्नतामा कार्यक्रमको क्षेत्र पहिचान, स्पेसिफिकेशन तयारी, प्रस्ताव मूल्याङ्कन र प्राविधिक जाँच एवम् अनुगमनका लागि समिति गठन गर्ने,<br>१. निर्देशक, शिक्षा विकास निर्देशनालय - संयोजक<br>२. गण्डकी विज्ञान प्रविधि प्रतिष्ठानको सम्बन्धित विषयको विज्ञ- सदस्य<br>३. गण्डकी विश्वविद्यालयको आइ टी कोअर्डिनेटर (IT Coordinator) -सदस्य<br>४. मन्त्रालयले तोकेको BE कम्युटर इञ्जिनियर २ जना - सदस्य<br>५. माध्यमिक विद्यालयको प्रधानाध्यापक १ जना- सदस्य<br>६. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- सदस्य सचिव<br>• समितिको सिफारिस बमोजिमका सामग्रीहरुको व्यवस्थापन गर्नका लागि सार्वजनिक खरिद ऐन बमोजिम परामर्शदाता संस्था छनौटका लागि योग्यता पुगेका संस्थाहरुका लागि सुचिकृत हुनका लागि सुचना प्रकाशन गर्ने,<br>• संस्थाहरु सुचिकृत गर्ने,<br>• सामग्री व्यवस्थापनका लागि टेन्डर आव्हान गर्ने,<br>• योग्यता पुरा भएको उपयुक्त परामर्शदाता/सप्लायर्स संस्था छनौट गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि छनौटमा परेको संस्थासँग सम्झौता गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि विद्यालयहरुलाई अभिमुखिकरण सञ्चालन गर्ने,<br>• परामर्शदाता संस्था मार्फत विद्यालयहरुमा सामग्री एवम् उपकरणहरु ईन्सटलेसन गर्ने । |

| | |
|---|---|
| | • अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित उपलव्धी | • विद्यालयमा रुचीकर एवम् दिगो सिकाइको लागि वातावरण तयार हुने ।<br>• शिक्षण पद्धतिको आधुनिकिकरण मार्फत विद्यार्थीमा नवपर्वतनको प्रर्बर्द्धन हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • जिन्सी दाखिला प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा समाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धीत स्थानीय तहहरु |

## १३. सामुदायिक क्याम्पसमा सूचना प्रविधि विस्तार

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १ | ४०००० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | परिचय | सूचना र प्रविधिको युगमा सामुदायिक क्याम्पसमा सूचना र प्रविधिको विस्तार गरी पठनपाठनलाई थप प्रविधिमय बनाउन आवश्यक छ । पठनपाठनको दायरा पाठ्यपुस्तकमा मात्र सिमित नगरी नेट इन्टरनेट आदि माध्यमबाट विद्यार्थीहरुलाई थप ज्ञान प्रदान गर्न आवश्यक देखिएको हुदा सामुदायिक क्याम्पसमा सूचना र प्रविधिका नविनतम सामग्री प्रदान र व्यवस्थापन गरी सूचना प्रविधिका सम्पूर्ण शैक्षिक पूर्वाधार विकास गर्न तथा यस मन्त्रालयको सहयोगमा इञ्जिनियरिङ अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पसमा टनेल इञ्जिनियरिङ विषयको पठन पाठनमा प्रविधिको विस्तारका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | सामुदायिक क्याम्पसहरुलाई सूचना र प्रविधिका सामग्री प्रयोगका लागि प्रोत्साहन गरी आवश्यक सहयोग पुऱ्याउने। |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामुदायिक क्याम्पसहरु |
| ४. | बजेट बाँडफाँट | • प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>• सामुदायिक क्याम्पसको आवश्यकता पहिचान<br>• बोलपत्र लगायतका सेवापरामर्श खर्च<br>• टनेल इञ्जिनियरिङका लागि प्रविधि विस्तार<br>• अनुगमन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्ने । प्रस्तावपत्रको ढाँचा अनुसूची-२२ बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची-२३ बमोजिम हुनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. मन्त्रालयले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा- सदस्य सचिव |

| शीर्षक | | विवरण |
|---|---|---|
| | | स्पेशिफिकेशन तयारी, टेण्डर डकुमेण्ट तयारी लगायतका प्राविधिक पक्षका कार्य सम्पादनका लागि मन्त्रालयमा देहायको समिति गठन रहनेछ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानका कार्यकारी निर्देशक - सदस्य<br>३. गण्डकी विज्ञान प्रविधि प्रतिष्ठानको कार्यकारी निर्देशक- सदस्य<br>४. मन्त्रालयले तोकेको IT विज्ञ - सदस्य<br>५. मन्त्रालयले तोकेको सिभिल इन्जिनियर - सदस्य<br>६. मन्त्रालयले तोकेको सामुदायिक क्याम्पसको क्याम्पस प्रमुख-सदस्य<br>७. उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा अधिकृत-सदस्य सचिव<br>• क्याम्पसहरुको आवश्यकता अनुसारका सामग्रीहरुको सुचि तयार गर्ने ।<br>• समितिको सिफारिस बमोजिमका सामग्रीहरुको व्यवस्थापन गर्नका लागि सार्वजनिक खरिद ऐन बमोजिम परामर्शदाता संस्था छनौटका लागि योग्यता पुगेका संस्थाहरुका लागि सुचिकृत हुनका लागि सुचना प्रकाशन गर्ने,<br>• संस्थाहरु सूचीकृत गर्ने,<br>• सामग्री व्यवस्थापनका लागि टेन्डर आव्हान गर्ने,<br>• योग्यता पुरा भएको उपयुक्त परामर्शदाता संस्था छनौट गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि छनौटमा परेको संस्थासँग सम्झौता गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि क्याम्पसहरुलाई अभिमुखिकरण सञ्चालन गर्ने,<br>• परामर्शदाता संस्था मार्फत विद्यालयहरुमा सामग्री एवम् उपकरणहरु ईन्सटलेसन गर्ने ।<br>• कार्यक्रम कार्यान्वयनका लागि सम्झौता<br>• कार्यक्रम कार्यन्वयन<br>• प्रतिवेदन तयारी<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. | अपेक्षित उपलव्धी | • सामुदायिक क्याम्पसका विद्यार्थीहरुमा सूचना प्रविधि सीपको विकास हुने |
| ७. | सामुदायिक क्याम्पसले पेश गर्नुपर्ने कागजातहरु | • सामुदायिक क्याम्पस समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• कार्यक्रम सञ्चालनमा प्रदेश सरकार र अन्य निकायबाट उपलव्ध हुने बजेट बिच दोहोरोपना नपर्ने सम्बन्धमा क्यम्पसको स्वघोषणा पत्र<br>• लागत अनुमान |
| ८. | अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## १४. पृथ्वीनारायण क्याम्पसमा जर्ज जोन डिजिटल गणित प्रयोगशाला स्थापना

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १ | ४००० | तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गणित विषयको अध्ययनले विद्यार्थीमा समालोचनात्मक चिन्तन, विश्लेषणात्मक क्षमता एवम् तार्किक क्षमताको विकास गर्दछ । पृथ्वीनारायण क्याम्पसमा क्याम्पसमा पढाइ हुने सम्पूर्ण संकायमा अध्यापन गर्नका लागि क्याम्पसमा विद्यमान शैक्षिक सामग्रीहरुमा नपुग सामग्रीहरु थप गरी प्रयोगशालाको नियमित प्रयोग गर्दै शिक्षण सिकाइ प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्न प्रयोगशाला स्थापनाले सहयोग पुऱ्याउँछ । आधुनिक शिक्षण पद्धतीको विकास गरी पाठ्यक्रमले निर्धारण गरेको शैक्षिक उपलव्धी दर हासिल गर्न, विचैमा पढाइ छाड्ने र दोहऱ्याउने दर कम गर्नका लागि क्याम्पसमा स्थापना हुने गणित प्रयोगशाला गणितका विद्यार्थीका लागि अति उपयोगी हुन्छ । प्रयोगशाला स्थापना गर्दा डिजिटल र भौतिक दुवै प्रकृतिका शैक्षिक समाग्रीहरुको व्यवस्थापन गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | पृथ्वीनारायण क्याम्पसमा आधुनिक गणित प्रयोगशाला स्थापना तथा सञ्चालन गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | मन्त्रालय, पृथ्वीनारायण क्याम्पस, पोखरा-१ बगर |
| ४. बजेट बाँडफाँट | • प्रयोगशाला कक्षमा फर्निचर र विद्युतीकरण (आवश्यकता अनुसार)<br>• प्रयोगशाला स्थापनाका लागि आवश्यक सामग्री खरिद<br>• प्रयोगकर्ताका लागि अभिमुखिकरण |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • पृथ्वीनारायण क्याम्पसमा पत्राचार गरी लागत अनुमान र कार्ययोजना सहितको प्रस्ताव माग गर्ने<br>• प्राप्त प्रस्ताव सम्बन्धमा मन्त्रालयबाट तोकिएको विज्ञबाट मूल्याङ्कन गर्न लगाई आवश्यकता अनुसार परिमार्जन गरी उपयुक्त प्रस्ताव स्वीकृत गर्ने<br>• मन्त्रालय र पृथ्वीनारायण क्याम्पस बीच कार्यक्रम गर्न सम्झौता गर्ने<br>• पृथ्वीनारायण क्याम्पसले स्वीकृत प्रस्तावना बमोजिम प्रयोगशाला स्थापना गर्ने । |
| ६. अपेक्षित उपलव्धी | गणित विषयको सिकाइ उपलव्धी बृद्धि हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • नियमानुसारका खर्चका सक्कलै बील भरपाइहरु<br>• जिन्सी दाखिला प्रतिवेदन<br>• स्थापना भएको प्रयोगशालाको फोटो |

| शीर्षक | विवरण |
|---|---|
| | • कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## १५. उच्च शिक्षा पूर्वाधार विकास एवम् अनुदान प्रणालीका लागि मानक विकास

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| | पटक | १ | ५०० | तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | यस प्रदेशमा सञ्चालित उच्च शिक्षा प्रदायक सामुदायिक क्याम्पसहरुको आवश्यकतामा आधारित रही भौतिक एवम् शौक्षिक पूर्वाधारहरुको विकास गर्न विद्यार्थी सङ्ख्याको आधारमा नपुग संरचना विकास, प्रयोगशालाहरु सुदृढीकरण, सूचना तथा सञ्चार प्रविधिको विस्तार, संलग्न जनशक्तिको उत्प्रेरणा विकास, अनुसन्धानमा प्रोत्साहन जस्ता कार्यहरुमा सहयोग गरी नागरिकका लागि स्थानीय स्तरमा नै अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग पुऱ्याउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । गण्डकी प्रदेश शिक्षा नीति, २०७८ मा उच्च शिक्षा सम्बन्धमा उल्लेखित कार्यनीतिमा विद्यार्थी सङ्ख्या, सञ्चालन गरेको विषय, शुल्कको सीमा, छात्रवृत्ति, आर्थिक कारोबारमा पारदर्शीता र भौतिक पूर्वाधार, सेवा पुऱ्याएको क्षेत्र र समुदाय, समाजमा पुऱ्याएको योगदान लगायतका मापदण्डका आधारमा सामुदायिक क्याम्पसहरुको बर्गीकरण गरी आर्थिक तथा अन्य आवश्यक सहयोग उपलव्ध गराइनेछ भन्ने उल्लेख भएको छ। यस कार्यक्रम अन्तर्गत भौतिक एवम् शैक्षिक पूर्वाधार विकासलाई र अनुदान प्रणाली व्यवस्थित गर्न आवश्यक मानक विकास गरिनेछ । |
| २. कार्यक्रमको उद्देश्य | • उच्च शिक्षा प्रदायक सरकारी/सामुदायिक शैक्षिक संस्थाहरुलाई भौतिक एवम् शैक्षिक पुर्वाधार विस्तारमा सहयोग पुऱ्याउनु ।<br>• शैक्षिक संस्थाहरुको वर्गीकरणका लागि सर्वमान्य मानक निर्धारण गरी बर्गीकरणका लागि विज्ञहरुको संलग्नतामा एक कार्यदल गठन एवम् परिचालन गर्ने ।(बर्गीकरणको कार्य आगामी आ.व. मा सञ्चालन गर्ने) |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यदलको बैठक<br>• अध्ययन सामग्री विकास<br>• सूचना संकलन एवम् विश्लेषण<br>• स्टेशनरी, दैनिक भ्रमण खर्च र कार्यदलले आवश्यक ठानेका कार्यहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • उच्च शिक्षाको क्षेत्रमा लामो समय योगदान पुऱ्याएका व्यक्तिहरु मध्ये मन्त्रालयले संयोजक एवम् सदस्यहरुको मनोनयन गरी कार्यदल गठन गर्ने<br>• कार्यदलको कार्यसर्त तयारी<br>• कार्यदलले अध्ययन सामग्री विकास गर्ने |

| | |
|---|---|
| | • सूचना एवम् तथ्यहरु संकलन एवम् विश्लेषण<br>• आवश्यकता अनुसार कार्यदलका कार्यहरु सञ्चालन (सरोकारवालाहरु पहिचान, छलफल, अन्तरक्रिया)<br>• पूर्वाधार विकास एवम् प्रभावकारी अनुदान प्रणाली सम्बन्धी सिफारिस सहितको प्रतिवेदन तयारी |
| ६. अपेक्षित उपलब्धी | • अनुदान प्रणाली व्यवस्थित गर्नका लागि मानक विकास हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यदल गठन भएका कागजातहरु<br>• खर्चका बील भरपाई<br>• प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## १६. रोजगारी एवम् स्वरोजगारी सृजना गर्न प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरुको प्रभावकारिता अध्ययन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | यस प्रदेशमा रोजगारी एवम् स्वरोजगरी सृजना गर्न सञ्चालित प्राविधिक शिक्षा सञ्चालन गर्ने शिक्षालयहरुको प्रभावकरीता सम्बन्धमा अध्ययन गरि प्राविधिक विषयको माग एवम् आवश्यकता पहिचान गरी आगामी आ.व. हरुका लागि योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्नका लागि सहयोगी हुने भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | रोजगारी एवम् स्वरोजगारी सृजना गर्नमा प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरुको प्रभावकारीता अध्ययन गरि प्राविधिक शिक्षाले पुऱ्याएको योगदानको अध्ययन गरी सुधारका उपायहरुको खोजी गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कार्यदलले उपयुक्त ठहऱ्याएका कार्यक्रमहरु (बैठक भत्ता व्यवस्थापन, कार्यक्रम अभिमुखिकरण, दैनिक तथा भ्रमण खर्च, खाना/खाजा)<br>• अध्ययन सामग्री विकास |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यदल गठन गर्दा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको क्षेत्रमा योगदान पुऱ्याएका मध्येबाट संयोजक एवम् सदस्यहरु मन्त्रालयबाट मनोनित गर्ने,<br>• आवश्यकता अनुसार सेवा परामर्श लिन सकिने,<br>• कार्यदलको कार्यशर्त निर्धारण,<br>• अध्ययन कार्य सञ्चालन,<br>• अध्ययनको मसौदा तयारी,<br>• अध्ययनको मसौदा सम्बन्धमा मन्त्रालयस्तरमा छलफल,<br>• अध्ययन प्रतिवेदनको अन्तिमीकरण । |
| ६. अपेक्षित उपलव्धी | • यस प्रदेशमा प्राविधिक शिक्षालयले उत्पादन गरेका जनशक्तिले प्राप्त गरेको रोजगारी, सृजना गरेको स्वरोजगारी र बजारको माग सम्बन्धमा अवस्था पहिचान गरी भविष्यमा पठनपाठनमा गर्नुपर्ने सुधार र सीपका विषयहरुको पहिचान गर्न सहयोग पुग्ने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यदल गठन भएका कागजातहरु<br>• बैठक सम्बन्धी कागजातहरु<br>• अध्ययन प्रतिवेदन<br>• खर्चका अन्य बील भरपाइहरु |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## १७. गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयनका लागि रणनीतिक योजना निर्माण एवम् प्रकाशन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १२०० | दोस्रो र तेश्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | गण्डकी प्रदेश शिक्षा नीति, २०७८ प्रदेश सरकारबाट स्वीकृत भइसकेको सम्बन्धमा उक्त शिक्षा नीतिका उद्देश्य एवम् नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्नका लागि प्रदेशस्तरीय रणनीतिक योजना तयार गरी वार्षिक रुपमा कार्यक्रम तथा बजेट व्यवस्था गरी व्यवहारिक रुपमा लागू मार्गचित्र तयार गर्नु आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेश शिक्षा नीति, २०७८ मा भएका नीतिगत व्यवस्था कार्यान्वयनको लागि शिक्षा क्षेत्र रणनीतिक योजना तर्जुमा गरी योजनाबद्ध रुपमा कार्यान्वयन गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँट | • शिक्षा नीति एवम् योजना छपाइ एवम् प्रकाशन<br>• कार्यदलका कार्यक्रमहरु (बैठक भत्ता व्यवस्थापन, कार्यक्रम अभिमुखीकरण, दैनिक तथा भ्रमण खर्च, खाना/खाजा), आवास/यातायात<br>• शिक्षा नीति एवम् शिक्षा क्षेत्र रणनीतिक योजनाको प्रवोधिकरण कार्यक्रम सञ्चालन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • शिक्षा नीति कार्यान्वयनका लागि आधारहरु सहितको रणनीतिक योजना का साथै दश वर्षे शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयनका लागि मन्त्रालयमा एक कार्यदल गठन गर्ने,<br>• कार्यदल गठन गर्दा शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका मध्येबाट संयोजक एवम् सदस्यहरु मन्त्रालयबाट मनोनित गर्ने,<br>• कार्यदलको कार्यशर्त निर्धारण,<br>• रणनीतिक योजनाको मसौदा तर्जुमा,<br>• सरोकारवालाहरुसँग सुझाव संकलन गरी योजना परिमार्जन,<br>• रणनीतिक योजनाको अन्तिमीकरणका लागि प्रदेशस्तरीय सरोकारवालाहरुसँग छलफल कार्यक्रम सञ्चालन,<br>• रणनीतिक योजनाको अन्तिमीकरण गरी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्ने,<br>• आवश्यक परेमा सेवा परामर्श लिन सकिने,<br>• स्वीकृत योजना प्रकाशन । |
| ६. | अपेक्षित उपलव्धी | गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयन रणनितिक योजना तर्जुमा हुने |

| | शीर्षक | विवरण |
|---|---|---|
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यदल गठन भएका कागजातहरु<br>• बैठक सम्बन्धी कागजातहरु<br>• प्रतिवेदन<br>• खर्चका अन्य बील भरपाइहरु |
| ८. | अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## १८. गण्डकी प्रदेशको सांस्कृतिक वृत्तचित्र निर्माण एवम् प्रसारण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | ५००० | दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गण्डकी प्रदेशमा रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक वस्तु एवम् सम्पदाहरु र संस्कृतिको पहिचान एवम् संरक्षणका लागि प्रदेशको समग्र प्रतिबिम्ब दिने खालको श्रव्यदृष्य सहितको बृत्तचित्र निर्माण गरी बहुसांस्कृतिक सम्पदाको धनी प्रदेशको रुपमा पहिचान स्थापित गर्नका लागि प्रचार प्रसार गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्वका वस्तु तथा सम्पदाहरु र संस्कृतिको संरक्षण र प्रचार प्रसारमा सहयोग गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठान र गण्डकी प्रदेश सङ्ग्रहालय |
| ४. बजेट बाँडफाँट | बैठक खर्च, दैनिक भ्रमण भत्ता, परामर्शदाता खर्च, खाजा खाना र विविध |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • वृत्तचित्र निर्माणको अवधारणा, परामर्शदाता संस्थाको कार्यशर्त निर्माणका लागि देहाए बमोजिमको एक विज्ञ सहितको छनौट समिति रहनेछ ।<br>महाशाखा प्रमुख-संयोजक<br>मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रका विज्ञ, ३ जना- सदस्य<br>गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानको प्रतिनिधि, १ जना-सदस्य<br>गण्डकी प्रदेश सङ्ग्रहालय प्रमुख, -सदस्य<br>शाखा प्रमुख- सदस्य सचिव<br>समितिको कार्यसर्त मन्त्रालयबाट स्वीकृत भए बमोजिम हुनेछ ।<br><br>• परामर्शदाताहरुको सूची तयार गर्ने,<br>• प्राविधिक तथा आर्थिक प्रस्ताव माग,<br>• परामर्शदाता संस्था छनौट,<br>• सम्झौता कार्य गर्ने,<br>• कार्यक्रम कार्यान्वयन,<br>• मन्त्रालय, संग्रहालयहरु र विभिन्न सञ्चारमाध्यम मार्फत सामग्रीहरुको प्रकाशन एवम् प्रचार प्रसार |
| ६. अपेक्षित उपलव्धी | गण्डकी प्रदेशको पहिचान झल्कने पुरातात्त्विक महत्त्वका वस्तु तथा सम्पदाहरु, संस्कृतिको संरक्षण र प्रचार प्रसारमा सहयोग पुग्ने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | विल भरपाई, प्रतिवेदन तथा अद्यावधिक गरिएको श्रव्यदृश्य सामग्री |
